फक्ताङलुङ गाउँपालिकाको गाउँ सभाको स्त्रोहौं अधिवेशनमा मिति २०८१ साल अषाढ ०८ गतेका दिन गाउँपालिका उपाध्यक्ष श्री रविन साम्रा लिम्बुले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८१।०८२ को अर्थ सम्बन्धि कार्यलाई व्यवस्थित गर्न बनेको ऐन, २०८१

गाउँ सभाबाट स्वीकृत मितिः २०८१।०३।०८

फक्ताङलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तापेथोक, ताप्लेजुङ

फक्ताङलुङ गाउँपालिका

# फक्ताङलुङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,२०८१

**गाउँ सभाबाट स्वीकृत मितिः२०८१।०३।०८**

**प्रस्तावनाः** फक्ताङलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम फक्ताङलुङ गाउँपालिका गाउँ सभाको १६ औ अधिवेशनले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०८१"** रहेको छ।
(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि फक्ताङलुङ गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पत्ति करः** गाउँपालिकाका क्षेत्रभित्र घर जग्गा कर तथा मालपोतलाई एकिकृत गरी अनुसूची बमोजिम सम्पत्तिको मूल्यांकन गरी अनुसूची (२) बमोजिम गणना गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

३. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

४. **व्यवसाय करः** फक्ताङलुङ गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

५. **सडक पूर्वाधार उपयोग शुल्क दस्तुर तथा दण्ड जरिवानाः**
(१) गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनलाई अनुसूची (५) को १ र २ बमोजिम अभिलेखीकरण शुल्क तथा सडक पुर्वधार उपभोग शुल्क लगाइनेछ।
(२) गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुलाई अनुसूची (५) को ३ बमोजिम सिफारिस दस्तुर तथा शुल्क र जरीवाना असुल गरिनेछ।

६. **विज्ञापन करः**
१. गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।
२. विज्ञापन करको संकलन गाउँपालिकाले तेस्रो पक्ष सँग सम्झौता गर्न सक्नेछ। यस्तो सम्झौता बढिमा ३ वर्ष सम्मका लागि एकै पटक गर्न सक्नेछ।

७. **वहाल बिटौरी शुल्कः**

१. गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूची (७) मा उल्लेख भए अनुसार वहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र सरकारी सार्वजानिक ऐलानी पर्ति जग्गामा स्थायी संरचना बनाइ बसोबास व्यवसाय वा अन्य प्रयोजनमा उपभोग गरेका व्यक्ति वा संस्थासँग गाउँपालिकाले वहाल विटौरी कर शुल्क असुल गरिनेछ ।

८. **अन्य सेवा शुल्कः**

१. गाउँपालिकाको न्यायिक समितिमा उजुरी दर्ता गरे बापत अनुसूची (८)बमोजिमको सेवा शुल्क लिइनेछ ।

२. उपदफा (१) बमोजिमको उजुरीका सम्बन्धमा कारवाही हुदाँ गाउँपालिकाबाट खटिइ जानुपर्ने भएमा वा गाउँपालिका वा वडा कार्यालयबाट सर्जमिन गर्नुपर्ने भएमा अनुसूची (५) को बमोजिमको शुल्क निवेदक पक्षले व्यहोर्नुपर्नेछ ।

३. उपदफा (२) मा जे सुकै लेखेता पनि दफा १ बमोजिमको उजुरीको सम्बन्धमा न्यायिक समितिले वादीको पक्षमा निर्णय गरेमा उपदफा (२) बमोजिम असुल भएको रकम प्रतिवादिले वादीलाई शोधभर्ना गर्नुपर्नेछ ।

४. उपदफा (१) र(२) मा जे सुकै लेखेता पनि हिंसा पिडित महिला वा अति विपन्न भनी न्यायीक समितिले ठहर गरेको निवेदकको हकमा उपदफा (१) र(२) बमोजिमको शुल्क लाग्ने छैन् ।द

**९. दण्ड जरिवाना तथा सजायः**

१.गाउँपालिकाको विभिन्न प्रकारका दण्ड जरिवाना तथा सजाय सम्बन्धि अनूसुची ९ बमोजिमको शुल्क लिईनेछ ।

१०.**कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

११.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१२.**अन्य व्यवस्थाः**

५. यस ऐनमा नभएका विषय वा क्षेत्रहरुमा कर सेवा शुल्क दस्तुर तथा दण्ड जरिवाना तोक्नुपर्ने भएमा गाउँपालिकाको कार्यालयले निर्णय गरी तोक्न सक्नेछ । यस्तो निर्णय गाउँपालिकाको बैठक तथा गाउँसभाबाट अनुमोदन गराउनुपर्छ ।

६. यस ऐन प्रारम्भ हुनुपूर्व गाउँपालिकाबाट असुल गरिएका सेवा शुल्क दस्तुर तथा दण्ड जरिवाना यसै बमोजिम असुल गरिएको मानिनेछ ।

७. यस ऐनको कुनै पनि विषयमा दुविधा उत्पन्न भएमा वा थप व्याख्या गर्नुपरेमा गाउँपालिकाको कार्यालयको निर्णयानुसार हुनेछ ।

## अनुसुची-१
## दफा २ सँग सम्बन्धित

**सम्पतिकरको मुल्यांकनका दरहरु**

| क्र.स. | विवरण | रकम रु |
|---|---|---|
| १. | कुल जग्गाको मूल्यांकन रु.५ लाख सम्मको भएमा प्रतिलाख | रु.१५।- |
| २. | कुल जग्गाको मूल्यांकन रु.५ लाख देखि २० लाख सम्मको भएमा प्रतिलाख | रु.२५।- |
| ३. | कुल जग्गाको मूल्यांकन रु २० लाख भन्दा माथि रु ५० लाख भएमा प्रतिलाख | रु.३५।- |
| ४. | कुल जग्गाको मूल्यांकन रु.५० लाख भन्दा माथि प्रतिलाख | रु.५०।- |
| | अलैंची बारीको हकमा माथि उल्लेखित मूल्यांकन बमोजिम हुनेछ । | |

## अनुसुची -२
## दफा २ सँग सम्बन्धित
## सम्पत्ति करका दरहरु

मालपोत कार्यालयबाट निर्धारण गरिएको मुल्याङ्कन अनुसार

## अनुसूची-३
## दफा ३ सँग सम्बन्धित
## घर जग्गा बहाल कर

| सि.नं. | विषय | विवरण | आ.व.२०८०/८१ का लागि स्वीकृत | कैफियत |
|---|---|---|---|---|
| १ | बहाल कर | बहाल कर १० प्रतिशत | सम्झौता भए बमोजिमको वहाल रकमको | |

## अनुसूची-४
## दफा ४ सँग सम्बन्धित
## व्यवसाय करका दरहरु

१. व्यवसाय कर

(क) किराना पसलः (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | रु १ देखि ५ लाख सम्म | रु. ५००।- |
| २. | १० लाख सम्म | रु १०००।- |
| ३. | २० भन्दा सम्म | रु. १५००।- |
| ४ | १ करोड सम्म | रु.२०००।- |
| ५ | रु. १ करोड भन्दा माथि | रु.५०००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ ।

(ख) हार्डवेयर पसलः (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | रु १ देखि ५ लाख सम्म | रु. ५००।- |
| २. | १० लाख सम्म | रु १०००।- |
| ३. | २० भन्दा सम्म | रु. १५००।- |

फक्ताङलुङ गाउँपालिका

| | | |
|---|---|---|
| ४ | १ करोड सम्म | रु.२०००।- |
| ५ | रु. १ करोड भन्दा माथि | रु.५०००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ ।

(ग) ज्वेलर्स पसलः (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | रु १ देखि ५ लाख सम्म | रु. ५००।- |
| २. | १० लाख सम्म | रु १०००।- |
| ३. | २० भन्दा सम्म | रु. १५००।- |
| ४ | १ करोड सम्म | रु.२०००।- |
| ५ | रु. १ करोड भन्दा माथि | रु.५०००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ ।

(घ) विद्युत्तीय समाग्री (क्यामेरा, टिभी, चस्मा, सिडी प्लेयर्स, कम्प्यूटर सामाग्री समेतका व्यवसायहरु) (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | रु १ देखि ५ लाख सम्म | रु. ५००।- |
| २. | १० लाख सम्म | रु १०००।- |
| ३. | २० भन्दा सम्म | रु. १५००।- |
| ४ | १ करोड सम्म | रु.२०००।- |
| ५ | रु. १ करोड भन्दा माथि | रु.५०००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ ।

(ङ) किताब, कापी, तथा स्टेशनरी सँग सम्बन्धित व्यवसाय (वार्षिक)

| सि.नं | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | रु १ देखि ५ लाख सम्म | रु. ५००।- |
| २. | १० लाख सम्म | रु १०००।- |
| ३. | २० भन्दा सम्म | रु. १५००।- |
| ४ | १ करोड सम्म | रु.२०००।- |
| ५ | रु. १ करोड भन्दा माथि | रु.५०००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ ।

(च) औषधी पसल (आयुर्वेदिक समेत) सँग सम्बन्धित व्यवसाय (वार्षिक)

| सि.नं | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | रु १ देखि ५ लाख सम्म | रु.५००।- |
| २. | ५ लाख देखि १० लाख सम्म | रु.१०००।- |
| ३. | १० लाख भन्दा माथि | रु.२०००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ ।

(छ) कृषिसँग सम्बन्धित व्यवसाय ( कृषि फार्म, गाई पालन, सूंगूर पालन, बाख्रा पालन, कुखुरा पालन व्यवसाय आदि ।) (वार्षिक)

| सि.नं | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | रु १ देखि ५ लाख सम्म | रु. ५००।- |

| | | |
|---|---|---|
| २. | १० लाख सम्म | रु १०००।- |
| ३. | २० भन्दा सम्म | रु. १५००।- |
| ४ | १ करोड सम्म | रु.२०००।- |
| ५ | रु. १ करोड भन्दा माथि | रु.५०००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ।

(ज) सुति कपडा, रेडिमेड कपडा आदि व्यवसाय (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | रु १ देखि ५ लाख सम्म | रु.५००।- |
| २. | ५ लाख देखि १० लाख सम्म | रु.१०००।- |
| ३. | १० लाख भन्दा माथि | रु.२०००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ।

(झ) लेखापरीक्षक (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | श्रेणी घ | रु.५०००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ।

(ञ) निर्माण व्यवसाय (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | घ बर्गको निर्माण व्यवसायी नयाँ दर्ता शुल्क | रु. १५०००।- |
| २ | निर्माण व्यवसायी गापा मा सूचिकृत | रु ५०००। |

नोटः- नियमले तोकेको समय भित्र नविकरण नभएका तोके अनुसारको थप दस्तुर (जरिवाना) लाग्नेछ।

(ट) कुटानी पिसानी व्यवसायहरुको हकमा (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | कुटानी तथा पिसानी मात्र | रु.२००।- |

(ठ) तालिम प्रशिक्षण केन्द्र व्यवसायहरुको हकमा (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | सिलाई कटाई इम्ब्रोइडरी,/गुडिया तथा अन्य तालिम केन्द्र | रु. २००।- |
| २. | डान्स सेन्टर/डान्स तालिम केन्द्र | रु. २००।- |
| ३. | माथी उल्लेख नभएका अन्य तालिम केन्द्र | रु. ३००।- |

नोटः नवीकरण तोकिएको शुल्कको आधा रकम नवीकरण दस्तुर लाग्नेछ।

(ड) अन्य सेवा दर्ता, नवीकरण तथा सिफारिस

| सि.नं. | विषय | स्वीकृत करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | कृषि तथा पशु जन्य समूह दर्ता | सबै प्रकारका कृषि तथा पशु जन्य समूह दर्ता | १०००।०० |
| २. | ल.ज.वि. समिति दर्ता | सबै प्रकारका | रु.१,०००।- |
| ३. | गुम्बा, चर्च तथा क्लब दर्ता | सबै प्रकारका | रु.१,०००।- |
| ४. | संघ, संस्था तथा समूह नविकरण सिफारिस | सबै प्रकारका | रु.५००।- |

(ढ) पर्यटन सेवा व्यवसाय (वार्षिक कर)

आवास, लज, फास्टफूड, रेष्टूरा, रिसोर्ट, ट्राभल्स एजेन्सी, स्वामिङ पुल, कन्फ्रेन्स हल आदि ।

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | सानो ग्रामीण स्तरको चिया पसल वा १ लाख सम्म लगानी भएको होटल | रु. ५००।- |
| २. | १ लाख देखि ५ लाख सम्मको | रु. १०००।- |
| ३. | ५ लाख भन्दा बढि | रु.२०००।- |

(ण) वित्तीय सेवा (वार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | क वर्गका निजी क्षेत्रद्धारा संचालित वाणिज्य बैंक, विदेशी वीमा कम्पनी | रु. ५०००।- |
| २. | ख वर्गका विकास बैंक तथा वित्तिय संस्थाहरु | रु. २५००।- |
| ३. | ग कम्पनी/संस्था | रु. १५००।- |
| ४. | घ वर्गका वित्तीय कम्पनी/संस्था | रु. १०००।- |
| ५. | मनि ट्रान्सफर | रु. १०००।- |
| ६. | १ करोड सम्म कारोवार(वासालत) भएका सहकारी | रु. २०००।- |
| ७. | १ करोड देखी ३ करोड सम्म(वासालत) भएको सहकारी | रु. ३०००।- |

नोटः- बचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारित सहकारीका हकमा बार्षिक शुल्क लिईने छैन । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारिस गर्नु पर्ने भएमा प्रति सिफारिस रु.१०००।-लाग्ने छ । बार्षिक रुपमा नवीकरण नगरेमा जरिवाना सहित बुझाउनु पर्नेछ । मनि ट्रान्सफरको समेत कारोवार गर्ने सहकारी संस्थाहरुलाई वीमा कम्पनी र मनि ट्रान्सफरका लागि तोकिएको रकम लिइने छ ।

(त) मर्मत सेवा व्यवसाय (बार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | रेडियो, घडी, टिभी, मोवाईल आदि ईलेकक्टोनिक्स सामान | रु. ५००।- |
| २. | ग्यासचुल्हो सेल्स, गाडीको पम्प, टायरट्यूव पम्चर, ग्यास वल्डिङ्ग, वक्सा मर्मत गर्ने, साइकल, रिक्सा, लुगा सिउने मेशिन अन्य फोटोकपी, व्याग | रु. ५००।- |

(थ) अन्य सेवा (बार्षिक)

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | विज्ञापन सेवा, फोटो स्टूटियो | रु. ५००।- |
| २. | व्यूटी पार्लर, केश श्रृगार, साईनवोर्ड, पेन्टिङ सैलुन, नर्सरी, नाई हजाम | रु. ५००।- |
| ३. | मासु (खसी, खुकुरा, रागा, बंगुर आदि) थोक विक्रेता | रु. ५००।- |
| ४. | पंचेवाजा | निशुल्क |
| ५. | खाना मात्र विक्री होटल | रु. ५००।- |
| ६. | १ मेसिन राखी कपडा सिलाई (टेलरिङ) गर्ने रु. ५००।- | थप १ मेसिन बराबर रु.५०।- (हाते मेशिनलाई निःशुल्क) |
| ७. | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, कृतिम गहना, फेन्सी समेत खुद्रा विक्रेता | रु. ५००।- |

(द)खानी तथा खनिज पदार्थ उत्खन्न दर्ता नवीकरण

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १ | दर्ता | १०००० |
| २ | नवीकरण | ५००० |

नोटः

१. माथि उल्लेखित किसिम, उपरोक्त शिर्षकमा नपरेको व्यवसाय दर्ता हुन आएमा व्यवसायको किसिम हेरी माथिको कर दरमा नघट्ने गरी वार्षिक कर लिइ व्यवसाय प्रमाणपत्र दिइने छ ।

२. गाउँपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल आदिलाई बन्द गर्नुपर्दा आवश्यकत्ता अनुसार निरीक्षण गरी विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरी व्यवसाय बन्द सिफारिस दिइनेछ । र सो को विवरण छुट्टै फायल खडा गरी अद्यावधिक गरी राखिने छ ।

३. व्यवसायिक फर्म नामसारी गर्दा रु.५००।- राजश्व लिई नामसारी गरिने छ ।

४. पालिकालाई आवश्यक परेमा (व्यवसायको किसिम निर्धारण गर्ने सन्दर्भमा) निजको व्यवसायको कारोबारको आन्तरिक राजश्व कार्यालयबाट कारोवार प्रमाणित विवरण माग गर्न सकिने छ साथै पालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरी निरीक्षण प्रतिवेदनका आधारमा कर तय गरिनेछ ।

५. यस कार्यालयलाई बुझाउनु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजश्व बुझाउन बाँकी रहेमा गाउँपालिकाबाट प्रदान गरिने सिफारिस लगायतका सेवा सो बुझाएपछि मात्र प्रवाह गरिनेछ ।

६. अन्य बाँकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधिभित्र रही गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ, व्यवसाय करमा १० प्रतिशत वक्यौता जरिवाना तोकिएको छ ।

## अनुसूची-५

## दफा ५ बमोजिम

## सेवा शुल्क तथा दस्तुर

१. निकासी कर

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | गोलिया निकासी गर्दा प्रति ट्याक्टर | रु ३००।०० |
| २. | गोलिया निकासी गर्दा प्रति ट्रक | रु.५००।०० |

(२) सिफारिस दस्तुरः

| सि.नं. | विषय | विवरण | स्वीकृत करका दरहरु | कैफियत |
|---|---|---|---|---|
| १. | घर र जग्गा सम्बन्धी सिफारिस | जग्गा नामसारी सिफारिस | रु.२००।- | |
| | | लगत कट्टा सिफारिस | रु.२००।- | |
| | | अपुताली सिफारिस | रु.५०।- | |
| | | चार किल्ला सिफारिस | रु.२००।- | |
| | | व्यावसायीक प्रयोजनाको लागि पक्की घर प्रमाणित | रु ५० प्रति वर्ग फिट | |
| | | आवासीय प्रयोजनाको लागि पक्की घर प्रमाणित | रु २० प्रति वर्ग फिट | |
| | | कच्ची घर प्रमाणित | निशुल्क | |
| | | घर कायम सिफारिस | रु २५०। | |
| | | बसोबास प्रमाणित | रु.२५०।- | |
| | | व्यवसायिक घर कोठा खोल्ने | रु.२५०।- | |
| | | आवासीय घर कोठा खोल्ने | निशुल्क | |
| | | हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारिस | रु.१००।- | |
| | | उद्योग सम्बन्धि घरमा आगलागि(घरधनीका लागि) | निशुल्क | |
| | | सर्वसाधारणको घरमा आगलागि सिफारिस | निःशुल्क | |
| २. | संस्था तथा समितिको सिफारिस | संघसंस्थाको बैंक खाता खोल्दा | रु.३००।- | |
| | | संघसंस्थाको बैंक खाता बन्द | रु.३००।- | |
| | | निर्माण उपभोक्ता तथा टोल विकास समितिको सिफारिस | रु.३००।- | |
| ३. | व्यवसाय प्रमाण पत्र दस्तुर | प्रतिलिपि | रु.५००।- | |
| | | तिनपुस्ते खुल्ने सिफारिस | रु.२५०।- | |
| ४. | नागरिकता सँग सम्बन्धित सिफारिस | नागरिकता प्रमाणपत्र सिफारिस | रु.५०।- | |
| | | अंगीकृत नागरिकता | रु.२५०।- | |
| | | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | रु.२५०।- | |
| | | नागरिकता सर्जमिन मुचुल्का | रु.१००।- | |

| | | | | |
|---|---|---|---|---|
| | | नागरिकताको प्रतिलिपि सिफारिस | रु.१००।- | अन्यत्र जिल्लाको भए थप रु.१००।- |
| ५. | पञ्जीकरणसँग सम्बन्धि प्रमाणित सिफारिस | कन्सुलर प्रमाणित (जन्म,मृत्यु) | निःशुल्क | |
| | | कन्सुलर प्रमाणित (विवाह, बसाइसराइ आदि) | रु.१००।- | |
| | | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क (गाउँपालिका) | रु.५००।- | |
| | | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | रु.५००।- | |
| | | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | रु.२००।- | |
| | | व्यक्तिगत घटना दर्ता प्रमाणित दस्तुर | रु.१००।- | |
| | | अविवाहित प्रमाणित | रु.१००।- | |
| | | नाम, उमेर थर लगायत संशोधन/ प्रमाणित | रु.१००।- | |
| | | | | |
| | व्यक्तिसँग सम्बन्धित सिफारिस | चारित्रिक एवम् सूचीकृत वर्ग सिफारिस स्थायी बसोबास भएकाको लागि | रु.२५०।- | उल्लेखित सिफारिसमा सर्जमिन गर्न परेमा सो को दस्तुर पुन लाग्ने छ। |
| | | नेपाली पेन्सन पट्टा वाहकका लागि गरेको जुनसुकै सिफारिस | रु.२००।- | |
| | | भारतीय पेन्सन वाहकका लागि जुनसुकै सिफारिस | रु.५००।- | |
| | | अन्य देशसँग पेन्सन वाहकको हकमा | रु.१०००।- | |
| | | कृषि सँग सम्बन्धित सिफारिसको हकमा | रु.१००।- | |
| | | वैदेशिक रोजगारीमा मृत्यु हुनेको हकमा सिफारिस | निःशुल्क | |
| | | पसल कोठामा आगजानी भएको | निःशुल्क | |
| | | नाता प्रमाणित नेपालीमा | रु.१५०।- | |
| | | नाता प्रमाणित अंग्रेजीमा | रु.५००।- | |
| | | सबै प्रकारका अंग्रेजीमा सिफारिस | रु.५००।- | |
| | | नम्बरी जग्गाको रुख काट्ने सिफारिस प्रति रुख (संरक्षित रुख बाहेक) | रु.१००। | |
| | | सहुलियत काठको सिफारिस | निःशुल्क | |
| | समूहगत, संस्थागत तथा उपभोक्ता समितिसँग सम्बन्धित | अन्य माथि उल्लेख नभएका सिफारिस | रु.२००।- | अन्य माथि उल्लेख नभएका वडाबाट हुने योजना सम्झौता तथा सम्पन्न, तथा गाउँपालिका कार्यालयमा पठाइने जुनसुकै प्रकारका सिफारिसहरु |
| | | कच्ची घरको लागि सिफारिस | निःशुल्क | |

नोटः घर नक्सा पास प्रक्रियामा आउँदा अन्य घरनक्सा प्रमाणित नगरेकाहरु सरहका शुल्क लिइनेछ। उल्लेखित घरनक्सा पुनःप्रमाणित गर्नु पर्ने भएमा रु.५००।- लाग्नेछ।

३. विभिन्न प्रकारका अन्य सिफारिस

| सि.नं. | दुरी प्रमाणित लगायतका अन्य अमिनसँग जोडिएका सिफारिसहरु | बैंकिङ प्रयोजनका लागि | रु.२००।- |
|---|---|---|---|
| | | सर्वसाधारण सँग जोडिएका सिफारिस | रु.५०।- |
| | | किचलो परी आएको हकमा | रु.१००।- |
| | | माथि उल्लेखित बाहेकको हकमा | रु.१००।- |
| | अदालतको फैसला वा पत्र बमोजिम नापजाँच गरिसकेपछिको सिफारिस | | रु.१००।- |

(४) संस्थागत शिक्षण संस्था/ दर्ता/ संचालन अनुमती एवं अन्य कामका लागि सिफारिस दस्तुर

| सि.नं. | विषय विवरण | स्वीकृत करका दरहरु | कैफियत |
|---|---|---|---|
| | पुर्व प्राथमिक | रु.१००।- | |
| | कक्षा १ अनुमति | रु.१००।- | |
| | कक्षा थप अनुमति(कक्षा ५ सम्म) | रु.२००।- | |
| | कक्षा थप अनुमति (कक्षा ६ देखि ८ सम्म) | रु.३००।- | |
| | कक्षा थप अनुमति (कक्षा ९ र १०) | रु.५००।- | |
| | कक्षा थप अनुमति (कक्षा ११ र १२) | रु.१०००।- | |
| | मावि कक्षा ११ र १२ विषय थप अनुमति | | |
| | अनुमति माग फाराम शुल्क | रु.१०००।- | |
| | प्राविधिक शिक्षण संस्था | रु.१०००।- | |
| | स्तर वृद्धि सिफारिस | रु.१०००।- | |
| | प्रमाणपत्र सिफारिस तथा संशोधन | रु.३००।- | |
| | प्रमाणपत्र प्रतिलिपि | रु.३००।- | |

(घ) घरबाटो प्रमाणित अंशवण्डा (सरकारी प्रयोजनका लागि मात्र ) परिवार भित्र नामसारी, बकस, दाईजो आदिको हकमा)

| सि.नं. | विषय विवरण | १ रोपनी सम्म | २ रोपनी सम्म | ३ देखि १० रोपनी सम्म | ५देखि१० रोपनी सम्म | १० देखि रोपनी सम्म | कै |
|---|---|---|---|---|---|---|---|
| १. | लोक मार्गले छोएको जग्गा | १००।- | रु.१५०।- | २००।- | रु.३००।- | ५००।- | |
| २. | सहायकले छोएको जग्गा | ५०।- | रु.७५।- | १००।- | रु.१७५।- | २५०।- | |
| ३. | कुनै पनि बाटो नछोएको जग्गा | २५।- | रु.२५।- | ५०।- | रु.७५।- | १००।- | |
| ४. | बगर क्षेत्र, नदी कटानको छेउको जग्गा | २५।- | रु.२५।- | ५०।- | रु.७५।- | १००।- | |

(ङ) घरबाटो प्रमाणित कर (राजीनाम/विक्री प्रयोजनका लागि)

घरबाटो सिफारिस गर्दा जति जमिन बेचविखन गर्ने हो सो व्यहोरा खोली सिफारिस गर्ने र सोही क्षेत्रफल अनुसारको हुने दस्तुर लिने ।

| सि.नं. | विषय विवरण | स्वीकृत करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | घरबाटो सिफारिस वापत | रु. २००।- | |

(च) घरनक्सा पास दस्तुर

| सि.नं. | विषय | विवरण | स्वीकृत करका दरहरु | कैफियत |
|---|---|---|---|---|
| १. | घर नक्शा पास दस्तुर | नयाँ घर पक्की आवासिय प्रयोजन | रु२०।-वर्गफिट | |
| | | नयाँ घर पक्की व्यावसायीक प्रयोजन | रु ५०।-वर्गफिट | |
| | | पुरानो घर पक्की | रु.१५।– वर्गफिट | |
| २. | नक्शा पास किताव | नक्सा पास किताब दस्तुर नयाँ घरका लागि | रु. ५००।- | |
| | | नक्शा पास किताव दस्तुर नक्शा नियमितका लागि | रु. ३००।- | |
| ३. | घर नक्शा नामसारी दस्तुर | १००० वर्गफिट सम्मको घर नक्शा नामसारी ( बिक्रीको हकमा) | रु. ५००।- | |
| ४. | घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर | रु.३००।- | | |
| ५. | लेआउट दस्तुर | रु.२००।- | | |
| ६. | सार्वजनिक पूर्वाधार मर्मत दस्तुर | रु.१००।- | | |
| ७. | पुर्जाको घर कायम गर्ने सिफारिस | रु.५००।- | | |
| ८. | संस्था दर्ता सिफारिस | रु.१०००।- | | |
| ९. | संस्था नविकरण सिफारिस | रु.५००।- | | |
| १०. | सिसि क्यामेरा जडान सिफारिस | निःशुल्क | | |
| ११. | जुनसुकै प्रकारका सर्जमिन मुचुल्का | रु.२५०।- | घर नक्सा बाहेक | |
| १२. | माथि उल्लेख नभएका दस्तुरको हकमा | रु.२००।- | | |
| १३. | अन्य प्रमाण-पत्र | रु.५००।- | | |
| १४. | एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि | रु.५०।- | | |

(छ) आय हैसियत प्रमाणित शुल्क

| सि.नं. | विषय | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|---|
| १. | आय हैसियत शुल्क | रु. १० लाख सम्मको | २५०।- |
| | | रु. २० लाख सम्मको | ५००।- |
| | | ५० लाख सम्मको | १०००।- |

वैदेशिक अध्ययन तथा रोजगारीको लागि गाउँपालिकामा पेश भएको सम्पत्ति कर मूल्यांकनको दररेट भन्दा बढीको सम्पत्ति मूल्यांकन गाउँपालिकाबासीलाई आवश्यक भएमा गाउँपालिकाबाट सम्पत्ति मूल्यांकन गर्दा स्थलगत सर्जमिन गरी सर्जमिनबाट खुल्न आएको मूल्यांकनलाई आधारमानी सम्पत्ति मूल्यांकनको सिफारिस दिइने छ। यस प्रकारको सर्जमिन गर्दा रु.५००।- थप शुल्क लाग्ने छ।

(ज) अन्य सेवा शुल्क

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | अन्य विविध सेवा शुल्क | सेवाको प्रकृति हेरी रु.१०० देखि २०० सम्म गाउँपालिकाले तोक्न सक्ने |

(झ) जरिवाना

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | ३५ दिन भित्र दर्ता भएका व्यक्तिगत घटना | निःशुल्क | |
| २. | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना (जन्म र मृत्यु बाहेक) | रु.२००।- | अन्यत्रबाट बसाइ सरी आएका र बसाई सर्नुपूर्व अन्यत्र बाटै व्यक्तिगत घटना दर्ता गर्नु पर्नेमा सो नगरी बसाई सरे पछि यस गाउँपालिकामा दर्ता हुने व्यक्तिगत घटनादर्ताको हकमा थप रु.५०।- |

(ञ) विविध सेवा शुल्क

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | गाडी टिकट बुकिङ काउन्टर | रु.५००।- | वार्षिक |
| 2. | पारिवारीक लागत कार्ड | रु.१००।- | पटक |
| ३. | सामुदायिक वन उपभोक्ता समितिबाट विक्री प्रति रुख | रु.५०।- | |
| ४. | सभाहल गाउँपालिका कार्यालय वा अन्तर्गतका | रु.२०००।- | |
| ५. | सिंवा स्वास्थ्य हल तथा खेजेनिम स्वास्थ्य चौकी हल | रु.७५०।- | |
| ६ | घर भत्काइ अन्य स्थानीय तहमा लैजाने सिफारिस | प्रति ट्याक्टर रु.२५०।- | |
| ७. | सहकारी दर्ता | रु.२०००।- | |
| ८. | सहकारी नवीकरण | रु.१०००।- | |
| ९. | सहकारी शाखा विस्तार अनुमति/ सिफारिस | रु.५००।- | |
| १०. | गैरसरकारी संघसंस्था सिफारिस दस्तुर | रु.५००।- | |
| ११. | गैरसरकारी संघसंस्था शाखा विस्तार/ नवीकरण | रु.५००।- | |

| | | | |
|---|---|---|---|
| १२. | संस्था/ समूह सूची दर्ता शुल्क | यस गापाबाट व्यवसायिक प्रमाण पत्र लिएको भए रु.५००।०० सो नभए रु.१०००।- | |
| १३. | रासायनिक मल विक्री गर्ने अनुमति पत्र | रु.५००।०० (वार्षिक रुपमा नवीकरण नगरेमा तोकिए अनुसारको जरिवाना लिइने छ) | |
| १४. | सर्जमिन मुचुल्का प्रमाणित सिफारिस | रु.१००।- | |
| १५. | उद्योग तथा फर्म ठाउँसारी गर्न सिफारिस | रु.१,०००।- | |

**(ट)जडीबुटी दररेट**

| क्र.सं. | जडीबुटी | यस गाउँपालिकामा उत्पादन हुने प्रति के.जी. |
|---|---|---|
| १. | कुड्की | रु.१५।- |
| २. | सिलाजित | रु.५०।- |
| ३. | जटामसी | रु.१०।- |
| ४. | चिराइतो | रु.१५।- |
| ५. | भोजपत्र | रु.१०।- |
| ६. | सुगन्धवाल | रु.१०।- |
| ७. | सुनपाती | रु.५।- |
| ८. | विषजरा | रु.१५।- |
| ९. | यार्सागुम्बा | रु.४५००।- |
| १०. | पदमचाल | रु.१५।- |
| ११. | पाँचऔले | रु.१५०।- |
| १२. | सतुवा | रु.२००।- |
| १३. | डालेचुक | रु.१०।- |
| १४. | धुपजडी | रु.१०।- |
| १५. | लौठसल्ला | रु.१५।- |
| १६. | रातो च्याउ | रु.२०।- |
| १७. | काठको फुरु | रु.१५।- |

**(ठ)दिकी छयोलिङ गुम्वाको लागि पेन्जे काठको दररेट**

| क्र.सं. | नाम | मुल्यरु |
|---|---|---|
| १ | पेन्जे काठ | ४५००० प्रति घन मिटर |

**अनुसूची-६**

दफा ६ बमोजिमको

विज्ञापन करको दरहरु

| क्र.सं. | प्रकार | दररेट वार्षिक |
|---|---|---|
| १. | डिजिटल डिस्प्ले | रु.१००।- |

| | | |
|---|---|---|
| २. | पर्खालबार भित्ता आदिमा पोतिएको प्रतिवर्ग फुट | रु.२५।- |
| ३. | सार्वजनिक स्थलमा | रु.१००।- |
| ४. | पोल ब्यानर | रु.१००।- |
| ५. | गाडीमा गरिने | रु.१००।- |
| ६. | आकाशमा गरिने | रु.१००।- |
| ७. | खेलकुद मैदानमा | रु.१००।- |
| ८. | साइनबोर्ड प्रति वर्गफुट | रु.२००।- |
| | जुन प्रयोजनका लागि ब्यानर राखिएको हो सो प्रयोजन समाप्त भएको मितिले बढीमा १ हप्ता भित्र सम्बन्धितले हटाइ सक्नु पर्नेछ। | |

## अनुसूची ७

दफा ७ को उपदफा १ बमोजिमको

वहाल विटौरी शुल्क

| टहरामा बस्ने | बाहिर बस्ने | मेला/ जात्रा प्रयोजन |
|---|---|---|
| गाउँ कार्यपालिकाले तोके बमोजिम | गाउँ कार्यपालिकाले तोके बमोजिम | गाउँ कार्यपालिकाले तोके बमोजिम |

## अनुसूची ८

**दफा ८ बमोजिमको**

**अन्य शुल्क**

१.न्यायिक शुल्क

| सि.नं. | विवरण | स्वीकृत करका दरहरु |
|---|---|---|
| १. | न्यायिक समिति र वडा मेलमिलाप समितिमा पेश हुने निवेदन, प्रतिलिपि, फिराद पत्र समेतको दस्तुर | रु.१००।- |
| २. | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्ने सिफारिस | रु.२००।- |

अनुसूची ९

दण्ड, जरिवाना तथा सजाय

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८१।०८२ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १. | तोकिएको कर दस्तुर सेवा शुल्क तोकिएको समय सीमामा नबुझाएमा | पहिलो पटकका लागि बुझाउनु पर्ने रकमको ५० % रकम र दोस्रो वा सोभन्दा बढी पटकका लागि १०० % रकम जरिवाना स्वरुप लिइनेछ। | गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने कर, दस्तुर, सेवा, शुल्क लगायतका बाँकी बक्यौता रकम संकलन गर्न सम्बन्धित वडा समितिलाई परिचालन गर्न सक्ने र वडा समितिको अगुवाइमा संकलन हुने बक्यौता राजस्वको ५०% रकम सोही संस्थालाई पुरस्कार स्वरुप उपलब्ध गराउन सकिनेछ। |
| २. | अन्य स्थानीय तहका नियमहरु पालना नगरेमा | रु. २०००।०० | |

| | | | |
|---|---|---|---|
| ३. | गाउँपालिकाको निर्णय बमोजिम कार्यान्वयनमा गएका विकास निर्माणका काममा बाधा विरोध गर्नेलाई | पहिलो पटकका लागि रु. १०००।०० र त्यसपछि पटकै पिच्छे रु. १५००।०० का दरले दण्ड जरिवाना लिइनेछ। | |
| ४. | अनुमति बेगर गाउँपालिकाभित्र नदीजन्य सामाग्री (ढुङ्गा, गिटी,बालुवा) उत्खनन गर्ने व्यक्तिलाई | पहिलो पटकलाई रु. १५०००।०० जरिवाना लिइनेछ। उक्त कार्य दोहराइएमा पटकै पिच्छे दोब्बर जरिवाना लिइनेछ। त्यसमा प्रयोग हुने सामानहरु जफत सम्म गर्न सकिनेछ। | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडा समितिलाई परिचालन गर्न सक्नेछ र उक्त कार्यको अनुगमनमा सहयोग गरे वापत् दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको ५०% रकम वडा समितिलाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| ५. | रोक लगाइएको अवधिभर गोलिया ओसारपसार गरेमा | पहिलो पटकलाई रु. १५०००।०० जरिवाना लिइनेछ। उक्त कार्य दोहराइएमा पटकै पिच्छे दोब्बर हुने गरि रु. ५००००।०० सम्म जरिवानाको साथै मालसमान समेत जफत गर्न सकिनेछ। | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडा समितिलाई परिचालन गर्नुको साथै सम्बन्धित प्रहरी चौकीलाई सो कार्य रोकथामका लागि परिचालन गर्न सक्नेछ र उक्त कार्यको अनुगमनमा सहयोग गरे वापत् दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको २५% का दरले रकम वडा समिति तथा प्रहरी चौकीलाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |

आज्ञाले
नवीन तेम्वे
प्रमुख प्रशासकीय अधिकृत

फक्ताङलुङ गाउँपालिका